# सबै विद्यार्थीहरूको लागि आत्म सम्मान ऐन भनेको के हो?

सबै विद्यार्थीहरूको लागि आत्म सम्मान ऐन (DASA) ले सबै विद्यार्थीहरूलाई नस्ल, धर्म, लिङ्ग, राष्ट्रियता, जातिय समूह र लैङ्गिक झुकावको आधारमा **भेदभाव**, **उत्पीडन**, र **दादागिरी** बाट सुरक्षा गर्छ। यसमा **अनलाइन** र **व्यक्ति स्वयंले गरेको** उत्पीडन समावेश छ।

## दादागिरी वा उत्पीडन कस्तो देखिन्छ?

दादागिरीले निम्न लिखित लगायत कैयौँ रूप लिन्छ:

- **शारीरिक दुर्व्यवहार**
  - हिर्काउनु वा धकेल्नु
- **मौखिक रूपमा खिल्ली उडाउनु**
  - जिस्काउनु, गाली गलौज वा अपमानजनक ठट्टाहरू
- **सामाजिक बहिष्करण**
  - विद्यार्थीलाई बाहिर छाड्नु वा विद्यार्थीलाई अलग पार्नु
- **लिखित उत्पीडन**
  - भित्ते चित्रण, चित्रकला, टिप्पणीहरू वा तस्विरहरू
  - पाठ, इमेल वा अन्य सामाजिक सञ्जाल

## मेरो बच्चालाई दादागिरी देखाइएको वा उत्पीडन गरिएकोबारे मैले कसरी थाहा पाउने?

केही बालबच्चाहरूले वयस्कहरूसँग दादागिरीका घटनाहरू साझा नगर्न पनि सक्छन्। तपाईंको बच्चालाई उत्पीडन गरिएको सङ्केतहरूमा निम्न लगायतका छन्:

- व्यवहारमा परिवर्तन
- चोटपटक, खत र नीलडामहरू
- मालसामानहरू हराएको वा बिगारिएको
- टाउको दुखेको वा पेट दुखेका गुनासोहरू
- सुत्नमा कठिनाइ
- कम प्राप्ताङ्क वा विद्यालय प्रतिको रुचिमा कमी
- बिरामी भएको बहाना पार्नु वा विद्यालयबाट टाढै रहन खोज्नु

**सबै बालबच्चाहरूले दादागिरी प्रति फरक फरक ढङ्गले प्रतिक्रिया दिने गर्छन् भन्ने कुरालाई मनमा राख्नु महत्वपूर्ण छ।**

## मेरो विद्यालयले के गर्न आवश्यक छ?

विद्यार्थीहरूलाई दादागिरी र उत्पीडनबाट सुरक्षित राख्नको लागि तपाईंको विद्यालयको नीति र कार्यविधि हुनु पर्छ । भेदभाव र उत्पीडनको सम्भावित कार्यलाई पहिचान गर्न र त्यस प्रति प्रतिक्रिया जनाउनको लागि सबै कर्मचारीहरूलाई तालिम दिनु पर्छ।

विद्यार्थीहरूको अन्तरक्रियालाई मार्गदर्शन गर्ने आधिकारिक पाठ्य क्रम र आचार संहिताको अतिरिक्त तपाईंको विद्यालयमा DASA संयोजक हुनु पर्छ जो त्यस जिल्लाको घटनाको अनुसन्धानलाई सुपरिवेक्षण गर्नको साथै त्यो घटना भएकोबारे दस्तावेजीकरण गर्नमा उत्तरदायी रहेको हुन्छ।

कुनै घटनाबारे रिपोर्ट गरिएमा प्रधानाध्यापक वा क्याम्पसले तोकेको व्यक्तिले दुई दिनभित्र त्यसको प्रतिक्रिया जनाउनु पर्छ।

## यदि मैले मेरो बच्चालाई दादागिरी देखाइएको वा उत्पीडन गरिएको विश्वास भएमा मैले के गर्नु पर्छ?

सर्वप्रथम, त्यस घटनाबारे रिपोर्ट गर्नको लागि तपाईंले **आफ्नो विद्यालयको कोही व्यक्तिलाई सम्पर्क गर्नु पर्छ।** त्यो व्यक्ति DASA संयोजक, विद्यालयको प्रधानाध्यापक, एकजना शिक्षक वा परामर्शदाता वा अन्य कुनै पनि कर्मचारी सदस्य हुन सक्छ। त्यो दादागिरी वा उत्पीडन तपाईंको बच्चाको नस्ल, धर्म, लिङ्ग, राष्ट्रियता, जातिय समूह र लैङ्गिक झुकावमा आधारित रहेको छ भने तपाईंले सिधै न्यू योर्क राज्यको शिक्षा विभागमा तीन वटा मध्येको एउटा विधिले सम्पर्क गर्न पनि सक्नु हुन्छ:

1) हाम्रो मातापिता हटलाईनको फोन नम्बर 800-469-8224 मा फोन गर्ने।
2) न्यू योर्क राज्यको शिक्षा विभागको फोन नम्बर (718) 722-2445 मा सिधै सम्पर्क गर्ने।
3) मा इमेल पठाएर आफ्नो नाम नखुलाइ रिपोर्ट गर्ने

यदि तपाईंले त्यस घटनाबारे रिपोर्ट गर्नु भएको छ र तपाईंको बच्चा असुरक्षित रहेको छ भन्ने तपाईंलाई विश्वास लागेमा त्यस्तो व्यवहार निरन्तर रूपमा हुने गर्छ भने DASA संयोजक यस अवस्थाबारे जानकार रहेको निश्चित गर्नको लागि र (718) 722-2445 वा (518) 486-6090 मा न्यू योर्क राज्यको शिक्षा विभागको कार्यालयलाई जानकारी दिनको लागि **एउटा अनुगमन रिपोर्ट दायर गर्नु पर्छ।**